प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

बागमती प्रदेश

कृषि ज्ञान केन्द्र,धादिङ

(कार्य क्षेत्र धादिङ जिल्ला)

फोन नं.०१०५२०१२८

## कोभिड-१९ का कारण बिदेशबाट फर्किएका तथा बेरोजगार युवाहरुका लागि व्यवसायिक कृषि कार्यक्रममा समावेश हुने सम्बन्धि सूचना

सुचना नं.७,

प्रकाशित मितिः२०७८/०७/१०

कृषि ज्ञान केन्द्र, धादिङको आ.व.०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कोभिड-१९ का कारण विदेशबाट फर्किएका तथा वेरोजगार युवाहरुको लागि व्यवसायिक कृषि कार्यक्रम सञ्चालन को लागि सम्बन्धित युवाहरुमा यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (मिति २०७८/०८/०९) दिन भित्र कार्यालय समय भित्र आइपुग्ने गरी देहाय वमोजिमका कागजात सहित अनूसूची-२ वमोजिमको आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कोभिड-१९ का कारण बिदेशबाट फर्किएका तथा बेरोजगार युवाहरुका लागि व्यवसायिक कृषि कार्यक्रम | २५ | ३७ लाख ५० हजार | कार्यक्रमको प्रति योजना रु.१ लाख ५० हजार (५०%) अनुदानमा |

### तपशिल

१. अनुसूची-२ अनुसारको आवेदन,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. बैदेशिक रोजगारबाट फर्केका युवाको हकमा राहदानी र प्रवेशाज्ञाको प्रतिलिपि,

४. स्वदेशमा रोजगारी गुमाएका युवाको हकमा पहिला रोजगारी भै रहेको संस्था/फर्म वा रोजगारदाताको प्रमाण खुल्ने कागजात

५. सम्बन्धित स्थानिय तहको रोजगारी गुमाई बेरोजगार रहेको ब्यहोराको सिफारिश पत्र,

६. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार /स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए/नलिएको स्वघोषणपत्र पेश गर्नु पर्नेछ।

*थप जानकारीको लागि कृषि ज्ञान केन्द्र,धादिङको फोन नं.०१०-५२०१२८ मा सम्पर्क गर्नुका साथै केन्द्रको वेवसाइट akcdhading.gov.np मा हेर्न सकिने छ।*

०७८/०८/१०

प्रमुख

Scanned with CamScanner